# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २४] काठमाडौं, फागुन १८ गते २०३१ साल [अतिरिक्ताङ्क ४८


### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबारको

### सूचना

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शुभ–राज्याभिषेक समारोह उपत्यका लगायत अधिराज्यका विभिन्न भागहरूमा एक ऐतिहासिक राष्ट्रिय पर्वको रूपमा सुसम्पन्न गर्न समस्त देशवासीहरूले जुन उत्साह, उमंग, परिश्रम र अनुशासन प्रदर्शन गरे त्यसको मौसूफ सरकारबाट सराहना तथा कदर गरिबक्सेको छ।

विभिन्न मित्र राष्ट्रहरूबाट पाल्नुभएका प्रतिष्ठित अतिथिहरूको समक्ष यस महान् पर्वमा नेपालीहरूले दर्शाएको अनुशासन र मर्यादाले अन्तर्राष्ट्रिय जगतमा नेपाल र नेपालीको इज्जत र प्रतिष्ठा बढ्न गएकोमा मौसूफ सरकारबाट हर्ष प्रकट गरिबक्सेको छ।

साथै यस महान् पर्वमा विभिन्न माध्यमद्वारा श्री ५ महाराजाधिराजका हजूरमा शुभ-कामना, सौगात तथा सद्भक्ति चढाउने सर्व देशवासी तथा संघ-संस्थाहरूलाई मौसूफ सरकारबाट हार्दिक धन्यवाद व्यक्त गरिबक्सेको छ।

हुकुमबक्सेबमोजिम
कल्याणविक्रम अधिकारी
श्री ५ महाराजाधिराजका प्रमुख सचिव


श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

६३८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।